कार्यपालिका बैठक निर्णय प्रमाणिकरण
मान बहादुर ठाडा
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति ..........

आज मिति २०८२ माघ ०७ गते दिउँसो १:०० बजे भेरीगंगा नगर कार्यपालिकाको [illegible] औं बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको बैठक कक्षमा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायबमोजिमका निर्णयहरु पारित गरियो।

**उपस्थिति :**

| | | |
|---|---|---|
| श्री यज्ञप्रसाद ढकाल | नगरप्रमुख | अध्यक्ष |
| श्री धनसरा बोहरा | उपप्रमुख | सदस्य |
| श्री दिनेश पुलामी मगर | वडा अध्यक्ष वडा नं. १ | सदस्य |
| श्री चिरन्जिवी बुढा | वडा अध्यक्ष वडा नं. २ | सदस्य |
| श्री जितबहादुर सुनार | वडा अध्यक्ष वडा नं. ३ | सदस्य |
| श्री गंगाबहादुर खत्री | वडा अध्यक्ष वडा नं. ४ | सदस्य |
| श्री प्रेमबहादुर सारु मगर | वडा अध्यक्ष वडा नं. ५ | सदस्य |
| श्री लालसिं बुढा क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | सदस्य |
| श्री कर्णबहादुर मिजार | वडा अध्यक्ष वडा नं. ७ | सदस्य |
| श्री पुसे कामी | वडा अध्यक्ष वडा नं. ८ | सदस्य |
| श्री ईश्वर पोखरेल | का.वा.वडा अध्यक्ष वडा नं. ९ | सदस्य |
| श्री विरबहादुर बस्नेत | वडा अध्यक्ष वडा नं. १० | सदस्य |
| श्री जयबहादुर नेपाली | वडा अध्यक्ष वडा नं. ११ | सदस्य |
| श्री ~~समबहादुर डोम्मी~~ देवी पुजारा | का.वा. अध्यक्ष वडा नं. १२ | सदस्य |
| श्री गणेश बहादुर भण्डारी | वडा अध्यक्ष वडा नं. १३ | सदस्य |
| श्री शेरबहादुर कामी | कार्यपालिका सदस्य | सदस्य |
| श्री सहविर महर | कार्यपालिका सदस्य | सदस्य |
| श्री पवित्रा घर्ती | कार्यपालिका सदस्य | सदस्य |
| श्री गौमाया खत्री | कार्यपालिका सदस्य | सदस्य |
| श्री खगीसरा पुन मगर | कार्यपालिका सदस्य | सदस्य |
| श्री मानसिं परियार | कार्यपालिका सदस्य | सदस्य |
| श्री अमृता वि.सी. बिष्ट | कार्यपालिका सदस्य | सदस्य |
| श्री ओविसरा बस्याल | कार्यपालिका सदस्य | सदस्य |
| श्री गजेन्द्र कुमार जि.सी. | नि.प्रमुख प्रशासकीय अधिकृत | सचिव |

**सहयोगी कर्मचारीहरु :**

| | |
|---|---|
| श्री सीता थापा | शाखा अधिकृत (अधिकृतस्तर सातौं) |
| श्री सरीता हमाल | सूचना प्रविधि अधिकृत |
| श्री तिलविर पुनमगर | प्रशासन सहायक |
| श्री रेविका परियार | कार्यालय सहयोगी |

CS CamScanner

निर्णय प्रतिलिपि प्रमाणित ।

कार्यपालिका बैठक निर्णय प्रमाणिकरण
मान बहादुर ठाडा
प्रमुख प्रशासकिय अधिकृत
प्रमाणिकरण मिति

| क्र. सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १. | नगरसभाको मिति तोक्ने सम्बन्धमा। |
| २. | शहरी विकास गुरुयोजना सम्बन्धमा। |
| ३. | विविध सम्बन्धमा। |

**मिति २०८२।१०।०७ गतेको ९६ औं नगर कार्यपालिका बैठकमा भएका निर्णयहरुः**

**प्रस्ताव नं. १: नगरसभाको मिति तोक्ने सम्बन्धमा।**

**निर्णय नं. १ :** यस भेरीगंगा नगरपालिकाको नगरसभाको अठारौं अधिबेशन यहि २०८२ साल माघ २९ गते बिहान ११ बजे भेरीगंगा नगरपालिकाको नगरसभा कक्षमा तपसिलका एजेण्डा सहित सम्पन्न गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

तपसिल

१. योजना तथा बजेट संसोधन सम्बम्धमा।

२. ऐन कानुन निर्माण तथा संसोधन सम्बम्धमा।

३. योजना तथा बजेट सिफारिस सम्बम्धमा।

४. बिबिध सम्बम्धमा।

**प्रस्ताव नं. २ : शहरी विकास गुरुयोजना सम्बन्धमा।**

**निर्णय नं. २ :** नेपाल सरकार शहरी विकास मन्त्रालय शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत भेरीगंगा उपत्यका नमूनाको नयाँ शहरका लागि तयार गर्न लागिएको बिष्तृत गुरुयोजना तथा डिपिआर गर्नका लागि नगरपालिका प्रत्येक वडा र सम्बन्धित निकायहरुले आ-आफ्नो क्षेत्रबाट समन्वय सहयोग तथा सहकार्य गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

**प्रस्ताव नं. ३ : विविध सम्बन्धमा।**

**निर्णय नं. ३ (क) :** केही दिनदेखि बबइ क्षेत्रलगायतका स्थानमा बाघको आतंक बढ्दै गएको र ३ जना मानिस समेतको ज्यान गैसकेको र पशुचैपाया समेत मारेकोले सो आतंक नियन्त्रण गर्न राहात तथा उद्दारमा थप सहयोग गर्न र दीर्घकालिन समाधानका लागि यस भेरीगंगा नगरपालिका नगरकार्यपालिकाका सबै सदस्यहरु र मध्यवर्ती क्षेत्रका मूल समितिका अध्यक्षसमेतको सहभागितामा बर्दिया राष्ट्रिय निकुञ्ज ठाकुरद्धारा लगायतका निकायमा डेलिगेशन गई मागपत्र बुझाउने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

**निर्णय नं. ३ (ख) : यस नगरपालिका अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ का लागि तपसिलबमोजिमका योजनाको तपसिलबमोजिम खरिद योजना संशोधन गर्ने र उपभोक्ता समितबाट काम गर्ने गरी संझौता गर्ने निर्णय सर्वसम्मतीबाट पारित गरियो।**

तपसिल

| | | |
|---|---|---|
| १. | हात्तीसुडे दमार डिपबोरिङ सिंचाई योजना निर्माण वडा नं. ०४ | उपभोक्ता समितिबाट काम गर्ने। |
| २. | ज्यामिर खोलादेखि मसानघाट जाने सडक कटिङ र कलभर्ट निर्माण वडा नं. ०८ | उपभोक्ता समितिबाट काम गर्ने। |
| ३. | किचमिटे खोलामा कलभर्ट निर्माण वडा नं. ०८ | उपभोक्ता समितिबाट काम गर्ने। |

**निर्णय नं. ३ (ग) :** यस भेरीगंगा नगरपालिकाको चालु प्रशासनिक खर्च तथा बिभिन्न शीर्षकबाट बचत भएको रकमबाट तपसिलका योजनाहरु सम्पन्न गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

तपसिल

१. छिन्चुबजार क्षेत्रमा सिसि क्यामरा जडान गर्न रु ५ लाख बिनियोजन गर्ने।

२. ट्राफिक प्रहरी कार्यालयका लागि छिन्चुमा भवन निर्माण गर्न रु ५ लाख बिनियोजन गर्ने।

CamScanner